म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४ बुधबार १८ साउन २०७९ ने. सं. ११४२ गुँलाथ्व 3 August, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं**

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं ।
- पाकेको खाना मात्र खाऔं
- झिंगा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेयपदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रसुति अस्पताल स्थापनाको तयारीमा हेटौंडा उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ हेटौंडा उपमहानगरपालिकाले नगरभित्र सुविधा सम्पन्न प्रसुति अस्पताल स्थापनाको तयारी अगाडि बढाएको छ ।

गत ३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनमा होमिँदा घोषणापत्रमै महिलाहरुको स्वास्थ्य उपचारमा विशेष ध्यान दिँदै प्रसुति अस्पताल निर्माण गर्ने प्रतिबद्धता जनाएकी मेयर मिनाकुमारी लामाले अस्पताल खोल्ने तयारीलाई तीव्र पारेकी हुन् ।

निर्वाचनमा नगरबासीसँग गरेको वाचा पूरा गर्ने अभियानमा द्रूत गतिले अगाडि बढेकी लामाले अब निकट भविष्यमै प्रसुति अस्पताल सञ्चालनको तयारी गरेकी हुन् । लामाले प्रसुति अस्पताल सञ्चालनको लागि हेटौंडा अस्पतालका पदाधिकारी, चिकित्सकसहित अन्य सरोकारवाला निकायहरुसँग छलफल गरेकी छन् ।

प्रसुति अस्पताल उपमहानगरकै खर्चमा सञ्चालन गरिने भएको छ । उद्देश्यअनुरुप प्रसुति अस्पताल सञ्चालन भए उपमहानगरले दुई प्रकारका फाइदा लिन सक्नेछ । एक, महिलाहरुको विशेष स्वास्थ्य उपचारमा उपमहानगरको चासोले महिलाहरुमा पर्ने सकारात्मक प्रभाव र उपमहानगरको आन्तरिक आयमा बृद्धि । उपमहानगरले दुई उपायबाट प्रसुति अस्पताल सञ्चालनको तयारी अगाडि बढाएको कार्यालयका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईंले जानकारी दिए ।

उपमहानगरले आफ्नै खर्च र व्यवस्थापनमा अस्पताल सञ्चालनको रोडम्यापबारे अध्ययन गरिरहेको छ । यता, हेटौंडा अस्पतालको व्यवस्थापन र उपमहानगरको खर्चमा पनि अस्पताल सञ्चालनबारे छलफल भइरहेको चौलागाईंले जानकारी दिए ।

हेटौंडा-१०, स्थित टिसिएनको जग्गामा अस्पताल निर्माण गर्ने गरी कार्य अगाडि बढेको उनले बताए । तर, हालसम्म अस्पतालका लागि जग्गा प्राप्ति भने भइसकेको छैन । अस्पतालका लागि १७ नम्बर वडास्थित हटिया क्षेत्रमा जग्गा उपलब्ध हुने भएपनि बजार क्षेत्रबाट टाढा हुने भएकाले मुख्य बजारभित्रै जग्गाको खोजी भइरहेको छ । 'टिसिएनको जग्गामा अस्पताल बनाउने कुरा छ । जग्गा प्राप्तिका लागि मेयर, उपमेयरहरु लागिरहनु भएको छ', चौलागाईंले साझाकुरासँग भने ।



तत्काललाई प्रसुति अस्पताल हेटौंडा अस्पतालकै पुरानो भवनबाट सञ्चालन गर्न सकिने बारेपनि छलफल भएको छलफलमा सहभागी एक सदस्य प्रताप विष्टले जानकारी दिए ।

उनका अनुसार हेटौंडा अस्पताल केही दिनमै नयाँ भवनबाट सेवा प्रदान गर्ने तयारीमा रहेकाले हाल सञ्चालन भइरहेको पुरानो भवनमा प्रसुति अस्पताल सञ्चालन बारे छलफल भएको हो ।

हेटौंडा अस्पतालले प्रसुति अस्पतालका लागि भवन उपलब्ध गराउनेबारे प्रतिबद्धता भने जनाइ नसकेको जनस्वास्थ्य निरीक्षक चौलागाई बताउँछन् । प्रसुति अस्पतालमा ४० बेडको र ५ बेडको एनआईसीयू रहने जनाइएको छ । हेटौंडा अस्पतालको व्यवस्थापनमा सञ्चालन गरे चिकित्सकदेखि कार्यालय सहयोगीसम्म गरेर थप २० देखि ३० जना जनशक्ति आवश्यक पर्ने देखिएको चौलागाईले जानकारी दिए ।

उपमहानगरकै व्यवस्थापनमा प्रसुति अस्पताल सञ्चालन गरेको खण्डमा ५० देखि ६० जना जनशक्ति आवश्यक पर्ने उनी बताउँछन् । मुख्यत: प्रसुति अस्पतालका लागि स्त्रीरोग विशेषज्ञ, बालरोग विशेषज्ञ, अल्ट्रासाउण्ड चिकित्सक, शल्यक्रियाका लागि बेहोस पार्ने चिकित्सक, शल्यक्रियामा सहभागी डाक्टरहरुका लागि सहयोगी आवश्यक रहेको चौलागाईले बताए ।

हेटौंडा अस्पतालले हप्ता दिनभित्र प्रसुति अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण र भवनको बारेमा प्रतिवेदन दिने जनस्वास्थ्य निरीक्षक चौलागाईले बताए । 'हेटौंडा अस्पतालले हप्ता दिनभित्र एउटा प्रतिवेदन दिने कुरा छ । त्यसपछि विस्तृत छलफल हुन्छ' उनले भने ।

हेटौंडामा प्रसुति सम्बन्धि उपचार हुने विशेष अस्पताल प्रमुख आवश्यकताका रुपमा रहेको हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले बताए । हाल हेटौंडा अस्पतालमा तराईका सर्लाहीदेखि बारा, पर्सा, रौतहटका महिलाहरु गर्भवती अवस्थामा उपचार गराउन आउने गरेका छन् । हेटौंडा अस्पतालले जटिल प्रकारका प्रसुति उपचारका लागि अहिलेपनि चितवन वा काठमाडौंका अस्पतालमा रिफर गर्ने गरेको छ ।

एउटा महिलाले बच्चा जन्माउनुअघि, जन्माउँदै गर्दा र जन्माइसकेपछि गरिने मेडिकल तथा सर्जिकल उपचारसँग सम्बन्धित चिकित्सकीय सेवालाई प्रसुति सम्बन्धी उपचार भनिन्छ । प्रसुति उपचारले महिलाको मातृत्वको समयमा समग्र स्वास्थ्य अवस्थालाई कायम गर्न र उपचार गर्न केन्द्रित हुन्छ । स्त्रीरोग चिकित्सकीय क्षेत्रको त्यस्तो हाँगा हो, जसले महिलाको शरीर र तिनीहरुको प्रजनन् स्वास्थ्यको ख्याल गर्छ । यसमा महिलाको प्रजनन् अंगहरुको परीक्षण, उपचार र वास्ता गरिएको हुन्छ ।

## घरका ढोकामा नागको चित्र टाँसेर मनाइयो नागपञ्चमी

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी पर्व घरका मूल ढोकामाथि ब्राह्मण पुरोहितबाट नागको तस्वीर टाँसी पूजाआराधना गरेर मनाइएको छ ।

मंगलबार मकवापुरका सबै क्षेत्रमा नागपञ्चमी मनाइएको हो । घरको मूल ढोकामाथि नागको तस्वीर टाँसेमा नाग, सर्प, बिच्छी जस्ता जीवबाट वर्षभरी दु:ख नपाइने धार्मिक विश्वास रहिआएको छ । साथै चट्याङ, अग्निभय र मेघका कारणसमेत पीडित हुनु नपर्ने भन्ने कुराको उल्लेख बराहलगायतका पुराणमा गरिएको धर्मशास्त्रविद् एवम् नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा.डा. रामचन्द्र गौतमले जानकारी दिए ।

काठमाडौंको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत नेपालभरका नागदह, नागकुण्ड र नागस्थानमा नागको पूजाआराधना गरिएको छ । साथै पशुपतिस्थित वासुकी मन्दिर मासमेत नागपञ्चमीका दिन विशेष पूजाआजा गरिएको छ । नाग पूजा गर पछि खेतबारीमा खनजोत नगरी किसानलेसमेत आराम गर्ने गर्छन् । खनजोत गरेमा नाग मारिन्छन् भन्ने धार्मिक विश्वास छ । घर, खेत, बारीमा पनि नागले बास गर्छन् भन्ने वैदिक मान्यता छ ।

# हेटौंडा अस्पतालमा बन्यो सुविधा सम्पन्न नयाँ भवन

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ मकवानपुरको एकमात्र सरकारी अस्पताल हेटौंडा अस्पतालको नयाँ भवन तयार भएको छ ।

भौतिक पूर्वाधारको अभावले सेवाग्राहीलाई सहजै सेवा दिन नसकेको अस्पतालले बताउँदै आएको थियो । भौतिक पूर्वाधारको अभावमा अस्पतालले गुणस्तरीय सेवा दिन नसक्दा सेवाग्राहीले सेवा लिन घण्टौंसम्म लाइन बस्नुपर्ने बाध्यता झेल्दै आएका छन् ।

तर, अब अस्पतालमा नयाँ भवन बनेसँगै उक्त समस्या समाधान हुने अस्पताल प्रशासनले जनाएको छ । करिब ३ वर्षको अवधिमा डी.एस. कन्स्ट्रक्सन कम्पनीले सुविधा सम्पन्न नयाँ भवन बनाएको हो । ३० करोडको लागतमा तयार भएको हेटौंडा अस्पताल ७० वेडसहित तीन तले भवन निर्माण भएको छ ।



नयाँ भवनको वेड जडान गर्ने, सिटिस्क्यान जडान र सफ्टवेयर इन्टरनेट जडानको कार्य भइरहेको हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा. रामचन्द्र सापकोटाले जानकारी दिए । उनले ईमर्जेन्सी कक्ष अहिले आवश्यकता भएको हुनाले चाँडै सञ्चालन गर्ने तयारी रहेको बताए । नयाँ भवन अब १० देखि १५ दिनसम्ममा सञ्चालनमा ल्याउने उनले जानकारी दिए । ०७६ भदौ ७ गते निर्माण सुरु गरेको भवन तीन वर्षमा सम्पन्न भएको हो । हेटौंडा अस्पतालको क्षेत्रफल ४ बिघा रहेको छ ।

हेटौंडा अस्पताल २०१६ सालमा १५ बेडबाट सुरु भएर जिल्ला अस्पतालको रुपमा ०२२ सालमा स्थापना भएको थियो । विकासको क्रममा हेटौंडा अस्पताल विकास सेवा समितिको रुपमा गठन भई सो विकास सेवा समिति अस्पतालको विकास गर्नमा सहयोग क्रममा विकास सेवा समितिबाट २५ शैया थप गरी नेपाल सरकारको २५ शैया र विकास समितिको २५ शैया गरी जम्मा ५० शैया सञ्चालन भएर सेवा प्रदान गर्दै आएको थियो । आव २०६१/६२ सालमा मन्त्री परिषद्को निणर्यानुसार उपक्षेत्रीय अस्पतालको नाममा नामाकरण गरिए पनि उपक्षेत्रीय अस्पतालको दरबन्दी पठाउन नसकेको कारण मिति २०७१ असार २० गतेको मन्त्रिपरिषद्को निणर्यले ५० शैया कायम गरी सोहीअनुसार दरबन्दी स्थापना भै पदपूर्ति भइरहेको थियो ।

नेपाल सरकारको ५० शैया सञ्चालनमा आएको र विकास समितिको ५० शैया कायमै अन्य शैया १० रहेकोले यस अस्पतालमा १ सय १० शैया प्रयोग भइरहेको छ । अस्पतालमा अहिले करिब २ सय जना स्वास्थ्यकर्मीहरु कार्यरत् छन । अहिले हेटौंडा अस्पतालको सेवाहरु विस्तार हुनुको साथै बिरामीहरुको मन जित्न सफल हुँदै गएको छ ।

## आईआईएसएमको अवैतनिक सल्लाहकारमा सुमार्गी



हेटौंडा, १७ साउन/ उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा कृषि उद्यम केन्द्रका सभापति अरुणराज सुमार्गी संयुक्त राष्ट्रसंघ अन्तर्गतको आर्थिक तथा सामाजिक परिषद्को अन्तर-सरकारी पर्यवेक्षक संस्था (आईआईएसएम) को अवैतनिक सल्लाहकार नियुक्त भएका छन् ।

आईआईएसएमले सुमार्गीलाई नेपालको अवैतनिक सल्लाहकारमा नियुक्त गरेको हो । यो संस्थाले विश्वव्यापीरूपमा कुपोषणबिरुद्ध लड्न मानवीय सहायता प्रदान गर्ने जिम्मेबारी पाएको छ ।

आईआईएसएमले कुपोषण र यसका सम्बन्धित रोगहरूबिरुद्ध काम गर्दै आएको छ । सुमार्गीले सय किसान अभियानमार्फत् नेपालको कृषि उत्पादनलाई औद्योगीकरण गर्ने योजना बोकेर देशव्यापी अभियान चलाइरहेका छन् ।


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ADMISSION OPEN**

**10+2** SCIENCE / HOTEL MANAGEMENT / MANAGEMENT
(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering
New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
Contact: 057-524701, 057-524711
Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

# डेंगु महामारी फैलन नदिऔं

हेटौंडामा पछिल्लो समय डेंगु संक्रमणले महामारीको रुप लिने खतरा बढेको छ । दुई हप्ताको अवधिमा मकवानपुरमा २८ जनामा डेंगु संक्रमण पाइएपछि डेंगुको महामारी फैलन नदिन सचेतता अपनाउनु आवश्यक भएको छ । डेंगु लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । यसको भाइरसद्वारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । पछिल्लो केही हप्तादेखि तराईका विभिन्न शहरमा महामारीको रुपमा फैलिएको डेंगु मकवानपुर जिल्लामा पनि व्यापक बन्दा आम सर्वसाधारणमा त्रास बढेको छ । हेटौंडा अस्पताल तथा निजी अस्पतालहरुमा डेंगु संक्रमण जाँचका लागि आउनेको संख्या पनि बढ्दै जाँदा यसको नियन्त्रणमा सम्बद्ध निकाय गम्भीर बन्नु आवश्यक देखिएको छ ।

वर्षायाम स्वास्थ्यका दृष्टिले संवेदनशील समय हो । अझ बर्षायाममा विभिन्न प्रकारका रोगहरु फैलने गर्दछन् । यीमध्ये डेंगु पनि एक हो । नेपालमा यो रोग बर्षेनि तीब्ररुपमा फैलिँदै गइरहेको छ । यो रोग एडिस एजिप्टाई प्रजातिको लामखुट्टेले टोकेर हुने तिब्र भाइरल रोग हो । यो भाइरस डेन १ देखि ४ सम्म हुन्छन् । नेपालमा सन् २००६ मा बाँकेमा यो रोगको बिरामी भेटिएको थियो । विश्व स्वास्थ्य संगठनका अनुसार वर्षेनि विश्वमा करिब ६ करोड व्यक्ति यो रोगबाट संक्रमित हुन्छन् भने २ अर्ब ५० करोड व्यक्ति जोखिममा रहेका छन् । यो रोग सार्ने लामखुट्टे ग्रामीण भेगमा भन्दा शहरी भेगमा बढी पाइने गरेको छ । सन् २०१० मा नेपालमा यसले माहामारीको रुप लिएको थियो, जसमा ९ सय १७ जना बिरामीमा ६ जनाको मृत्यु भएको थियो । डेंगुलाई 'ब्याक बोन फिभर'का नामले पनि चिनिन्छ । यो रोग लाग्दा एक्कासी ज्वरो आउने, टाउको, ढाड, जोर्नी दुख्ने, शरीरमा बिमिरा आउने, रक्तचाप घट्ने, नाक, कान, गिजा, गुद्द्वारबाट रगत आउने जस्ता लक्षणहरु देखा पर्छन् । यो रोगविरुद्ध खोप तथा खास कुनै उपचारसमेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यो रोगबाट बच्ने मुख्य उपाय हो । यो रोगबाट बच्नको लागि घर वरिपरि सरसफाइ गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, लामो बाउला भएको लुगा लगाउने, घरका झ्याल एवम् ढोकामा जाली लगाउने, रोगको शंका लागेमा तुरुन्त स्वस्थ्य संस्थामा सम्पर्क गर्ने गर्नुपर्दछ । डेंगु संक्रमणको सम्भावना रहेका क्षेत्रमा आवश्यक सचेतनासहित लामखुट्टे नियन्त्रणका प्रभावकारी उपाय गर्नु आवश्यक छ ।

अहिले हेटौंडामा देखिएको डेंगु संक्रमण बढ्न नदिन हेटौंडा उपमहानगरपालिका र अन्य सरोकारवाला निकाय गम्भीर बन्नुपर्छ । विशेषगरी तराई क्षेत्रमा डेंगुको खतरा रहने गरेको भएपनि सफा नगरको रुपमा परिचित हेटौंडामै डेंगु संक्रमण व्यापक हुनुलाई सामान्य मान्न सकिँदैन । अहिले हेटौंडाका विभिन्न क्षेत्रमा वर्षाको पानी जमेका कारण यसको संक्रमण अझ बढ्नसक्ने सम्भावना देखिन्छ । यसकारण डेंगु संक्रमणबाट बच्न आम सर्वसाधारणसमेत सचेत र जागरुक बन्दै आफ्ना घर, टोलमा लामखुट्टे नष्ट गर्ने कार्यमा जुट्नुपर्छ । यसका लागि उपमहानगरपालिका र अन्य सरोकारवाला निकायले सहयोग गर्नुपर्छ । हेटौंडामा फैलिँदै गरेको डेंगुको नियन्त्रणका लागि तुरुन्त प्रभावकारी कदम चाल्दै भोलि ठूलो समस्या सृजना नहुनेतर्फ अग्रसर बन्न सम्बद्ध निकाय गम्भीर बनोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १९ गते बिहीबार ४ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष सप्तमी । गुँलाथ्व ११४२ । सूर्योदय: ५:२९, सूर्यास्त: ६:४९ मा हुनेछ । गोस्वामी तुलासीदास जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : उत्साहमा कमी आउनेछ | **तुला** | : चिताएको काम बन्नेछ |
| **वृष** | : आफन्तबाट धोका हुनेछ | **वृश्चिक** | : नसोचेको फाइदा पाइनेछ |
| **मिथुन** | : प्रतिष्ठित काम पाइनेछ | **धनु** | : चुनौतीहरु बढ्नेछन् |
| **कर्कट** | : सामाजिक दायित्व बढ्नेछ | **मकर** | : आम्दानी घट्नेछ |
| **सिंह** | : काममा सहयोग मिल्नेछ | **कुम्भ** | : मित्रताले हर्ष बढ्नेछ |
| **कन्या** | : अनावश्यक खर्च हुनेछ | **मीन** | : कामको तारिफ हुनेछ |

# माओवादी हुनुभन्दा तङ सियाओवादी हुनुस्



✍ विद्यानाथ नेपाल

**आज चीनको अर्थव्यवस्था तेङ्ग सियाओको दूरदृष्टिअनुसार नै उदारीकरणतर्फ उन्मुख भइरहेको छ र उनीहरूको यथासम्भव छिटो विश्वको सबभन्दा ठूलो आर्थिक शक्ति हुने सपना रहेको कुरा स्पष्ट छ, जुन कुरा तत्कालीन चीनमा माओको समयको अर्थनीतिबाट असम्भव नै थियो ।**

'बहुलवादी प्रजातान्त्रिक शासन व्यवस्थाको संस्थागत विकास नभई कुनै पनि मुलुकमा शान्ति र सम्पन्नता स्थापित गर्न साधारणतया सम्भव हुँदैन । अहिले त्यस्तो बहुलवादी राजनीतिक पद्धति भूमण्डलीकरणकै रूपमा स्वीकार गरिसकिएको छ ।

प्रजातन्त्र र मानव अधिकार झिकिदिने हो भने सभ्यताको विकासको गति नै ठप्प हुन्छ । विश्वमा यस्तो राजनीतिक पद्धति स्वीकृत भइरहेको बेला हाम्रा माओवादी मित्रहरूले पनि मनन गरी १२ बुँदे सम्झौतादेखि संविधानसभा निर्वाचन गरी पटक पटक सरकारको नेतृत्वसम्मको यात्रा गरी आएकाले अब मुलुकको आर्थिक नीतिमा पनि तदनुकूल उदारवादी नीतितर्फ उन्मुख हुँदै जाने अपेक्षा गरिएको थियो । तदनुकूल तत्कालीन माओवादी केन्द्रले तत्कालीन एमालेसँग आफ्नो पार्टी एकीकरण गराई ने.क.पा. गठन गर्नु सकारात्मक राजनैतिक विकास हो ।

यसबाट नेपालीमा दुई पार्टी पद्धतिको विकास हुने लक्षण देखिएको छ । तर माओवादीका केही पक्षले पुरानै क्रान्तिको धार लिनुले धेरै नेपाली आश्चर्यचकित परेका छन् । तथापि ती माओवादी भनिएकाहरू ढिलो चाँडो सही बाटोमा लाग्नेछन् भन्ने अपेक्षा गरिएको छ । खासगरी एमाओवादी र सत्तासीन पार्टीहरूले पनि व्यावसायिक र कूटनीतिक असफलताका कारण विगतमा आफैंले तोकेको मितिमा संविधान आउन नसकेको कारण दोस्रो संविधान सभा अवधिभित्र पनि संविधान नआउने हो कि भन्ने नेपाली जनताको मनमा चिसो पसेकामा ठूलो कसरतपछि नेपालको संविधान २०७२ लागू भइसकेको परिस्थिति छ । जुन कुरा सुखद हो । तर यो संविधान आउने निश्चित हुनासाथ मधेशवादी दलहरूले तर ईमा गरेको बन्द हड्ताल र भारत सरकारले नाकाबन्दीसहित औपचारिक रूपमा नै लिएको बढी चासोबारे नेपाली जनता आश्चर्यचकित परेका छन् । हाम्रा शीर्ष नेताहरूले त्यस्ता असन्तुष्ट पार्टीहरूको उचित गुनासोलाई संसद्बाट संशोधन गर्न सकिने आश्वासन दिएका हुन् ।

यहाँ समाजवाद, साम्यवाद वा माओवाद आदि जस्ता राजनीतिक सिद्धान्तबारे व्याख्या र विश्लेषण गर्न सम्भव छैन । तथापि नेपालको संविधान २०७२ लाई समाजवादउन्मुख भनी उल्लेख भएका करा स्मरणीय छ । यहाँ यतिसम्म भन्न सकिन्छ कि जसरी साम्यवादका सिद्धान्तमा मुलुकहरूको अवस्थाअनुसार विभिन्न व्याख्या गरी आफ्नो मुलुकको परिस्थितिअनुसार परिवर्तनहरू भइरहेका छन्, त्यसरी चीनमा नै पनि माओवादी विचार र वादमा समयानुसार परिवर्तनहरू भइरहेका छन् ।

अहिले चीनमा पनि त्यस्तै गरिँदै छ । यो राम्रो पक्ष हो । माओत्सेतुङपछि तेङ सियाओ पिङ जो अघोषित रूपमा नै भए पनि त्यहाँ प्रमुख शक्तिमा आए, त्यसपछि चीनमा खासगरी आर्थिक नीतिहरूमा ठूलो फड्को मारियो र आर्थिक उदारवादतर्फ विभिन्रुन कदमहरू चालियो । उदाहरणका लागि सर्वप्रथम यसको सुरुआत चीनमा कृषि उत्पादन अर्थात् तरकारीको सरकारी बजार र किसानहरूको निजी बजारका रूपमा गरी दुईवटा बजारको सुरुआत भयो ।

त्यसभन्दा अघि तरकारी पनि सरकारले मात्र उत्पादन र बेच्ने गर्दथ्यो । त्यसपछि विभिन्न क्षेत्रमा उदार नीति अवलम्बन गर्न विभिन्न स्थानहरूमा विशेष आर्थिक क्षेत्रहरूको विकास गर्न प्रारम्भ गरियो । यो चीनको आर्थिक विकासको सुरुआत थियो । त्यसरी क्रमश: उदार आर्थिक नीतिलाई इमानदारी साथ विकास र कार्यान्वयन गरियो । विशेष आर्थिक क्षेत्रजस्तै भारतमा पनि निर्यात प्रवर्द्धन क्षेत्र भनी चीनले भन्दा अगाडि खोलिएको हो तर त्यसको ठोस उपलब्धि देखिएन । यसै सिलसिलामा चीनमा विदेशीहरूसँग कारोबार गर्न छुट्टै नोट प्रचलनमा ल्याइयो । अहिले तिब्बतको ल्हासादेखि बेइजिङसम्मका डिपार्टमेन्टल स्टोरहरू भित्र पस्दा जापान वा सिङ्गापुर वा कुनै विकसित युरोपियन मुलुकहरूको राजधानीस्थित स्टोरहरूमा पस्दाभन्दा फरक देखिँदैन ।

अहिले त त्यहाँ एक सन्तान नीतिसमेत संशोधन भइसकेको छ । त्यहाँ जनताको औसत आयु बढिरहेकाले क्रेताहरूको संख्या धेरै बढ्यो र काम गर्ने जनसंख्या अपुग हुँदै गएको छ । महत्त्वपूर्ण कुरा के हो भने त्यहाँका क्रेता आधारभूत रूपमा चिनियाँहरू नै छन् । त्यहाँ विदेशीहरूको संख्या नगण्य छ । केही वर्ष यता भारतीयलगायत अन्य विदेशी क्रेताहरू पनि त्यहाँ बढिरहेका छन् । यसबाट चीनको कुनाकाप्चामा बस्ने बाहेक खासगरी सहर नजिकको क्षेत्रमा बस्ने व्यक्तिहरूको आम्दानीमा अत्यधिक वृद्धि भइसकेको कुरा प्रमाणित हुन्छ । यहाँ भन्न खोजिएको खासकुरा के हो भने चीनमा आर्थिक विकासदर तेङ्गको दूरदृष्टिअनुसार उदार आर्थिक नीति अवलम्बन गरिएपछि मात्र अप्रत्यासित रूपमा बढ्न गयो । यो दर केही दशक सामान्यतया १०% प्रतिशत हुने गरेको थियो। तर केही समय यता यसमा केही कमी आएको छ । त्यहाँ यही उदारवादी नीति लागू गरेपछि नै निरपेक्ष गरिबीको संख्या पनि निकै घटेको छ ।

भनिन्छ, चीनमा सन् १९८१ देखि २०१३ सम्म ६८ करोड व्यक्तिहरू निरपेक्ष गरिबीको रेखाभन्दा माथि उक्लन सफल भएका छन् तर २०१५ मा आइपुग्दा चीनको आर्थिक वृद्धिदरमा केही कमी आएकाले त्यसको प्रभाव पश्चिमा विकसित देशहरूको पुँजी बजारमा पनि परेको करा उल्लेखनीय छ । यसरी चीन अब विश्व पुँजी बजारमा एकीकृत भइसकेको छ । यसको विपरीत पूरातन साम्यवादी सिद्धान्त लागू गर्ने भनिएका देशहरूमा आर्थिक विकासदर नबढेको, औद्योगिक उत्पादनको गुणस्तरमा वृद्धि नभएको, कृत्रिम मूल्य प्रणाली लागू गरिने कारणले भ्रष्टाचारमा ज्यादै वृद्धि हुने आदि दुर्गुणहरूको विकास हुने गरेको र भइरहेको देखिन्छ ।

एउटा कुरा सत्य हो कि यस्ता मुलुकहरूमा सम्भवत: आय वितरणमा असमानता केही कम हुने गर्दछ तर बाँड्नुपर्ने पाउरोटीको आकार नै नबढेपछि आर्थिक अवस्था भने सुध्रन सक्दैन । वास्तवमा रोटीको आकार नै बढाउन सके मात्र सबैको भागमा पनि केही वृद्धि हुन्छ । त्यो रोटीको आकार वा परिमाण बढाउन प्रोत्साहनमूलक (Incentive) आर्थिक व्यवस्था नै ल्याउनुपर्छ । त्यो कुरा पूरातनवादी साम्यवादी सोचबाट आउने सम्भावना नै हुँदैन किनभने त्यहाँ निजी क्षेत्रलाई प्रोत्साहन नै गर्न मिल्दैन र सरकारी क्षेत्रको उत्पादनमा त्यस्तो प्रोत्साहन वा पुरस्कार दिने व्यवस्था हुन सक्दैन ।

त्यसैगरी काममा बढी योगदान गर्नेलाई राम्रो मूल्यांकन, लगानी बढी गर्नेलाई आनुपातिक रूपमा लाभांश बढी हुने आदि कुराको कार्यान्वयन निष्पक्ष रूपमा गर्न सकिँदैन । यसैकारण साम्यवादी वा माओवादी सोच भएका हाम्रा नेताहरूलाई उदार अर्थव्यवस्थातर्फ कदमहरू चाल्न सुझाव दिइन्छ । उदार आर्थिक नीति भन्नाले यसका विविध पक्षहरू छन् जसको व्याख्या गर्ने उद्देश्य यहाँ राखिएको छैन । आज चीनको अर्थव्यवस्था तेङ्ग सियाओको दूरदृष्टिअनुसार नै उदारीकरणतर्फ उन्मुख भइरहेको छ र उनीहरूको यथासम्भव छिटो विश्वको सबभन्दा ठूलो आर्थिक शक्ति हुने सपना रहेको कुरा स्पष्ट छ, जुन कुरा तत्कालीन चीनमा माओको समयको अर्थनीतिबाट असम्भव नै थियो । केही वर्षयता त्यहाँ भ्रष्टाचार निवारणतर्फ कठोर निर्णयहरू कार्यान्वयन भैरहेका छन् । चीन विश्वको दोस्रो ठूलो अर्थव्यवस्था भई नै सक्यो ।

अब निकट भविष्यमै चीन विश्वको पहिलो अर्थतन्त्र हुने कुरा निश्चित नै देखिन्छ । चिनियाँहरूले वर्तमान राजनीतिक पद्धतिमा भने ठोस सुधारात्मक दृष्टिकोण लिएको कुरा थाह भएको छैन । यसमा उनीहरूको गृहकार्य केही भइरहेको हुन सक्छ । चीन जनसंख्याले मात्र होइन भौगोलिक दृष्टिकोणबाट पनि ज्यादै ठूलो देश हो । तिब्बतजस्ता आधा दर्जन जति स्वशासित जातिगत आधारका प्रदेशहरू छन् भने चीनभित्र पचासौं जाति उपजाति र भाषाहरू पनि विद्यमान् छन् । अहिले पनि चीनभित्रको राजनीतिक विकासका सूचना त्यति सजिलैसँग बाहिरी दुनियाँमा आउँदैनन् ।

तथापि तिब्बत तथा मुस्लिम बहुल स्वशासित क्षेत्र सियाङजियाङमा सामाजिक, राजनीतिक उथलपुथलका समाचारहरू भने समय समयमा पढ्न पाइन्छ । यसको मतलब त्यहाँको राजनीतिक सन्तुलन मिलाउने कार्य कठिन रहेको बुझिन्छ । अहिलेको सूचना प्रविधिको विकासले त्यहाँका विभिन्न क्षेत्रका जनतालाई पनि पूरै प्रभाव पारेको हुनुपर्छ र उनीहरू बढी स्वायत्तता तथा राजनीतिक उदारीकरणको पक्षमा हुन सक्छन् । अहिले नेपालको संस्थापन पक्ष अर्थात् ने.क.पा.ले चिनियाँ राष्ट्रपतिको भ्रमण ताका तेङ सियाओ पिङ वा सि जिङ् पिङ्गो सिद्धान्त आदिबरे आफ्ना कार्यकर्तालाई तालिम दिएको कुरा त्यसबेला निकै चर्चामा आएको थियो ।

*(नेपालमा गरिबी : निदान र उपचार पुस्तकबाट)*

# किन कमजोर छ चीनको नरम शक्ति ?



✍ डा. बुद्धिप्रसाद शर्मा

सन् २०१६ को मध्यतिर विद्यावारिधिका लागि चीनको बेइजिङ पुगेको थिएँ । त्यहाँ पुगेको दुई महिनापछि विश्वविद्यालयले हामीसहित विभिन्न मुलुकका विद्यार्थीलाई बेइजिङको एक सम्मेलनमा सहभागी हुन आग्रह गर्यो । कार्यक्रम समापनपछिको दिवाभोज समयमा राजनीतिशास्त्रका एक चिनियाँ प्राध्यापकले प्रश्न गरे, 'तपाईंहरु अध्ययनका लागि भर्खर चीन आउनु भएको छ । आफ्नो मुलुकमा एउटा हैसियत बनाउनु भएको रहेछ, यसको म सम्मान गर्दछु । कृपया तपाईंहरु चिनियाँ कलाकार, लेखक, गीत, गायक/गायिका, फिल्म एवं परिकारको एक मात्र भए पनि नाम भन्न सक्नुहुन्छ ?'

चीनका छिमेक तथा विश्वका विभिन्न मुलुकहरुबाट बेइजिङ पुगेका हामी कसैले पनि तीमध्ये केहीको नाम भन्न सकेनौं । त्यसपछि चिनियाँ प्राध्यापकले चिन्ताग्रस्त मुस्कानका साथ भने, 'चीनले शीघ्र आर्थिक समृद्धि हासिल गरे पनि अझै बाँकी विश्वले हामीलाई विशेष रुपमा चिन्न सकेको छैन । हाम्रो नरम शक्ति विश्वका धेरै साना र कमजोर मुलुकहरुको भन्दा पनि कमजोर छ । यसमा चिनियाँ सरकार गम्भीर हुनु जरुरी छ ।'

सन् २०१२ को एक सम्बोधनमा तत्कालीन चिनियाँ राष्ट्रपति हु चिन्थाओले पश्चिमा विश्व नरम शक्तिमा निकै बलियो भएको तर चीन चाहिँ धेरै नै कमजोर भएको बताएका थिए । साथै, उनले चिनियाँ समाजमा पश्चिमा नरम शक्तिको प्रभाव बढ्दै जानु चिन्ताको विषय भएको उल्लेख गरेका थिए । चीन बसाइको अनुभवका आधारमा यस पंक्तिकारको निष्कर्ष के छ भने, 'कडा शक्ति' को विकासमा जति मेहनत गर्यो, त्यसको तुलनामा नरम शक्तिलाई विश्वमाझ परिचित गराउन चीनले आवश्यक समय, सामर्थ्य र लगानी गर्न सकेन ।

अहिले पनि बोली-व्यवहारबाट अरुलाई प्रभाव पार्ने क्षमता चिनियाँहरुमा निकै नै कम छ । चिनियाँहरु आफ्नो परिवारबाहेककालाई कमै विश्वास गर्छन् । यो प्रवृत्ति मित्रवत् सम्बन्ध र विश्वास निर्माणमा भयानक अवरोधक मानिन्छ । पंक्तिकारले केही समय काम गरेको एक चिनियाँ 'थिङ्ग ट्याङ्ग' मा आउने विदेशी पाहुनाहरुलाई कोअर्डिनेटरले असम्बन्धित पात्रहरुलाई डाइरेक्टर, इन्चार्जको रुपमा परिचय गराउँदा हामी विदेशीहरु मुसुमुसु हास्यौं । लाग्थ्यो, यदि हामी यहाँ पाहुनाको रुपमा मात्र आएको भए उक्त विश्वविद्यालय र गतिविधिका बारेमा दिइएको धेरै जानकारीहरु झुटा हुने रहेछन् ।

चीनले नरम शक्तिका लागि लगानी कम गरेको पनि पुरै सत्य होइन । नरम शक्तिको बढोत्तरीका लागि सन् २००६ यता लगानी र प्रयत्न भइरहेको छ । तैपनि चिनियाँ प्राध्यापकहरुकै भनाइ सापटी लिने हो भने चिनियाँ लगानी बालुवामा पानी खन्याएजस्तै भएको छ । कतिपय चिनियाँ विज्ञहरु चीन अन्य मुलुकहरुका लागि संकटको भरपर्दो मित्र हो भन्ने सन्देश नजाँदासम्म नरम शक्तिको प्रभाव कमै हुने टिप्पणी गर्दछन् ।

दोस्रो, आर्थिक शक्ति भइकन अन्तर्राष्ट्रिय मानवीय सहायता, शिक्षा, स्वास्थ्य, नागरिक समाज लगायतमा चीनको सहकार्य र सहयोग अझै नगण्य छ । चीन आर्थिक उद्देश्यमा मात्र बढी केन्द्रित हुन्छ भन्ने गम्भीर आरोप सर्वत्र देखिन्छ । बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) लाई चीनले दमदार तरिकाले कडा तथा नरम दुवै शक्तिको रुपमा विश्वमाझ प्रस्तुत गरेको थियो । तर कोभिड हुँदै यहाँसम्म आइपुग्दा बीआरआईप्रति चिनियाँ अपेक्षा समेत कम हुँदै गएको देखिन्छ । यो पंक्तिकार सन् २०१८ को अक्टोबरताका सांघाइमा आयोजित एक फोरममा सहभागी थियो । रात्रीभोजका क्रममा हुनान प्रान्तबाट आएका एक चिनियाँ प्राध्यापकले गम्भीर हुँदै भनेका थिए, 'चीनले बीआरआई अगाडि नबढाएको भए हुन्थ्यो, यो निकै महंगो साबित हुनेछ ।'

हुन पनि धेरै मुलुकहरुमा बीआरआईका नाममा भएका बृहत् लगानीहरुले विभिन्न संकट उत्पन्न गरिरहेको मात्र होइन, चीनको छविसमेत धुमिल भइरहेको छ । नरम शक्तिका अध्येता प्राध्यापक जोसेफ नेका भनाइमा पुरानो सभ्यता र इतिहास भए पनि चीनले यसैको आडमा मात्र नरम शक्तिको प्रवर्द्धन गर्न असम्भव छ । उनको सुझाव छ, 'पहिले घरभित्रैका प्रतिभाहरुलाई प्रस्फुटित गरी नागरिक समाजलाई अग्रपङ्क्तिमा ल्याउन सके मात्र नरम शक्तिमा गरिएको लगानीले काम गर्न सक्छ ।'

तर चीनका लागि व्यावहारिक रुपमा यी दुवै सुझावको कार्यान्वयन सहज छैन । विश्वका सबै मुलुकका नागरिकहरुले आफ्नो मुलुक, इतिहास र संस्कृतिलाई महान, समृद्ध र उत्तम सम्झन्छन् । यस्तो सन्दर्भमा आफ्ना प्रयत्नबाट अरुको मन-मुटु जित्नु सामान्य कुरा होइन । चिनियाँहरु आफ्नो सभ्यता निकै पुरानो भएको दाबी त गर्दछन् । तर उनीहरुले यसप्रति आकर्षण प्रस्तुत गर्न सकिरहेका छैनन् । चुरो कुरा यहींनिर छ । पश्चिमाहरु नरम शक्तिका दृष्टिले बलियो हुनुको कारण उनीहरुले बाँकी विश्वलाई आकर्षित गर्न सफलता प्राप्त गर्नु हो । पश्चिमाहरुको नरम शक्तिलाई विश्व समुदायले थोरबहुत देख्न, बुझ्न र महसुस गर्न सकेको छ । विभिन्न अध्ययनहरुले पनि चीनको नरम शक्तिमा भएको लगानी र प्रयत्न न्यूनतम रुपमा समेत सन्तोषजनक नभएको देखाएका छन् । 'पोर्टल्यान्ड कम्युनिकेसन' र 'यूएससी सेन्टर अन पब्लिक डिप्लोमेसी' ले सन् २०१८ र २०१९ मा गरेको ३० राष्ट्रहरुको अध्ययनमा चीन २७ औँ स्थानमा थियो । ती अध्ययनका क्रममा संस्कृति, शिक्षा, सहकार्य, सरकार, डिजिटल, इन्टरप्राइजेज र जनमत लगायतलाई आधार बनाइएको थियो ।

कोभिड महामारीलाई लिएर पश्चिमा प्रोपोगान्डाको प्रतिकार गर्न नसक्दा चीनको अन्तर्राष्ट्रिय प्रतिष्ठामा धक्का पुगेको विश्लेषण गरिन्छ । डोनाल्ड ट्रम्प प्रशासनले आफ्ना कमजोरी लुकाउनकै लागि चीनप्रति कडा आक्षेपहरु लगाइरहयो । पश्चिमा मिडिया एवं विश्लेषकहरुले त्यसलाई विश्वव्यापी बनाइदिए । ट्रम्पप्रति आलोचक मानिएका मिडियाले पनि चीनप्रति ट्रम्पको हुंकारमा भने खुलेरै साथ दिन्थे । वर्तमान जो बाइडेन प्रशासनले चिनियाँ नीतिमा ट्रम्पकै पाइला पछ्याइदिँदा चीनविरोधी प्रचारबाजी थप बढेर गयो र यो अझै जारी छ । सरकारी निकायहरुको अग्रसरता नै बढ्ता हुने भएकाले चीनमा नागरिक समाज कमजोर छ र चीनविरोधी प्रचारबाजीको जवाफ दिन जति सामर्थ्य नागरिक समाजसँग हुन्थ्यो, त्यो प्रयोग हुन पाएको छैन ।

चिनियाँ सामाजिक सञ्जालहरुमा चिनियाँ भाषामै चीनविरोधी पश्चिमा प्रचारबाजीको कडा आलोचना हुने गरेतापनि त्यसको प्रवाह बाँकी विश्वमा हुन नसक्ने भएकाले कोठामै चिच्चाएर बसेजस्तो मात्र भएको छ । कोभिड महामारी सुरु भएयता पश्चिमा मुलुकका सञ्चारमाध्यम, विज्ञ, प्राध्यापक एवं अनुसन्धानकर्ताहरुले विश्वमा विस्तारै प्रवाह हुँदै गरेको चिनियाँ नरम शक्तिलाई थप कमजोर बनाइदिएका छन् ।

चिनियाँ राजनीतिक प्रणाली वा दर्शनप्रति पनि विश्व समुदायमा खासै आकर्षण छैन । यो यथार्थलाई बुझेर नै चिनियाँ नेताहरुले चलाखीपूर्वक भन्दै आएका छन्, 'हामीले अपनाउँदै आएको राजनीतिक मोडल अन्यत्र निर्यात गर्ने चीनको कुनै योजना छैन, हामी पश्चिमाहरुले जसरी राजनीतिक मोडल अन्य मुलुकमा थोपर्दैनौं ।' अर्कोतर्फ विश्व समुदायलाई जोड्ने हेतुले 'कमन डेस्टिनी' को अवधारणा चीनले अगाडि सारे पनि 'अ सेन्चुरी अफ ह्युमिलियसन' को नाराले मुख्यगरी आर्थिक साझेदार मुलुकहरुलाई चिढ्याउने हुँदा 'कमन डेस्टिनी' को अवधारणा विरोधाभासपूर्ण हुनपुगेको आलोचकहरुको भनाइ छ । 'वुल्फ वारियर डिप्लोमेसी' ले पनि चीनप्रति थप नकरात्मक मनोविज्ञान बढाएको स्वयं चीनका राजनीतिक अध्येताहरुले स्वीकारेका छन् । चीनले वर्षेनि विश्वभरबाट हजारौं विद्यार्थीहरुलाई छात्रवृत्तिमार्फत् आफ्ना विभिन्न विश्वविद्यालयहरुमा अध्ययनको अवसर उपलब्ध गराउँदै आएको छ । चीनमा अध्ययन गर्नेमध्ये धेरैजसो विद्यार्थीले अंग्रेजी माध्यममै अध्ययन गर्ने गर्छन् । चिनियाँ भाषाका कक्षाहरु आवश्यक मात्रामा उपलब्ध पनि हुँदैनन् । यसले गर्दा २ देखि ६ वर्ष चीनमा अध्ययन गरेर स्वदेश फर्कंदासमेत अधिकांश विद्यार्थीहरु चिनियाँ भाषा बोल्न पोख्त हुँदैनन् । चिनियाँ अक्षर पढ्नु त परको कुरा ।

अर्कोतर्फ, चीनबाट अध्ययन पुरा गरेकाहरुलाई चीनभित्रै जागिर लगायतका अवसर खासै नहुने र स्वदेश फर्किएपछि नयाँ ढंगबाट संघर्ष गर्नुपर्ने भएकोले चीनप्रतिको लगाव टुट्दै गएको देखिन्छ । चीनले नरम शक्तिको प्रबर्द्धनमा चीनमै अध्ययन गरेका विदेशी विद्यार्थीहरुको साथ नपाउनुको एउटा कारण विद्यार्थीहरुले 'चिनियाँसँगको सहकार्यबाट ठोस लाभ हुँदैन' भन्ने निष्कर्ष निकाल्नु पनि हो । नेपालमा पनि वर्षेनि दर्जनौं विद्यार्थी चीनमा अध्ययन गरेर फर्किन्छन् । तर, उनीहरु चीनका सन्दर्भमा खुलारुपमा प्रस्तुत हुन खोजेका देखिँदैनन् । यसमा पनि आफूलाई 'सकभर चिनियाँ ट्याग नलागोस्' भन्ने सोचले काम गरेको छ ।

अर्कोतर्फ, नेपालस्थित अन्य मुलुकका दूतावासहरुले आफ्नो मुलुकमा अध्ययन गरी फर्केका नेपाली विद्यार्थीहरुलाई जसरी समेट्ने गरेका छन्, चिनियाँ राजदूतावासले आफ्नो मुलुकमा अध्ययन गरी फर्केका नेपाली विद्यार्थीहरुलाई त्यसरी समेट्न सकेको देखिँदैन । भारत तथा पश्चिमा मुलुकहरुले जसरी चीनले आफ्नो 'पब्लिक डिप्लोमेसी' लाई सबलरुपमा अगाडि बढाउन सकेको छैन । यसमा चीनको आत्मकेन्द्रित र नाफा-घाटाको हिसाबमा चल्ने प्रवृत्ति नै प्रमुख कारक रहेको अन्तर्राष्ट्रिय राजनीतिका जानकारहरु बताउँछन् ।

चीनको नरम शक्तिबारे छलफल हुँदा पंक्तिकारसँगको कुराकानीमा एक पाकिस्तानी प्राध्यापकले बेइजिङमा भनेका थिए, 'चीनले अन्य राष्ट्रहरुसँग व्यवहार गर्दा हामी चिनियाँ हौं भन्ने मनोविज्ञानमा सीमित नरही हामी तपाईंहरुको व्यावहारिक, विश्वासिलो र निकटतम मित्र हौं भन्ने भावका साथ प्रस्तुत भए मात्र चीनको नरम शक्तिले आफ्नो ओज प्रवाह गर्न थाल्नेछ ।'

दक्षिण एसियामा चिनियाँ नरम शक्तिको प्रभाव अझै कमजोर छ । पछिल्लो पटक 'कन्फ्युसियस इन्स्टिच्युट' लगायत निजीस्तरमा भाषा तालिम केन्द्र, चिनियाँ रेस्टुरेन्टहरु खुलेका त छन् । तर, यीप्रतिको आकर्षण खासै देखिएको छैन ।

*-नेपालखबर*

# बालाजु-त्रिशूली सडकको ठेक्का तोडियो



काठमाडौँ, १७ साउन (रासस)/ काठमाडौँ उपत्यकाको फोहर ढुवानी गर्ने मुख्य सडकका रूपमा रहेको बालाजु-त्रिशूली सडक निर्माण सुरु भएको आठ वर्षमा निर्माण अलपत्र बनेको छ । पटक-पटक अवधि थप्दासमेत सम्पन्न नभएपछि अहिले सडक विभागले ठेक्का तोडेको छ ।

सडक अवस्था खराब हुँदा एम्बुलेन्सलगायत अरु अत्यावश्यक सेवा प्रवाहमासमेत कठीनाइ भइरहेको स्थानीयवासी र जनप्रतिनिधिले गुनासो गर्दै आएका छन् । दुई ठेक्कामा निर्माण अघि बढाइएकोमा एउटा ठेक्कामा ठेक्का तोडइसकिएको र अर्कोमा ठेक्का तोड्दा निर्माण व्यवसायी अदालती प्रक्रियामा गएकाले निर्माण अवरुद्ध बनेको हो ।

बालाजु-रानीपौवा सडक खण्ड निर्माणको जिम्मेवारी सन् २०१४ जुन ५ मा सैलुङ (नेपाली कम्पनी) र एआईपीएल (भारतीय कम्पनी) लाई दिइएकोमा गत असार ५ गते तोडिएको थियो । कूल १७ दशमलव एक किलोमिटर लम्बाइको सो सडक निर्माणका लागि सात पटकसम्म अवधि थप गरिएको थियो । पछिल्लो पटक चैतमा अवधि सकिएको सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले बताए । सो ठेक्कामा भौतिक प्रगति ५४ प्रतिशत र वित्तीय प्रगति ४९ दशमलव ३२ प्रतिशत रहेको थियो ।

सडकको अवधि थप गरिरहँदा त्यो अवधिभित्रै सम्पन्न गर्न पटक-पटक निर्माण कम्पनीलाई सचेत गरिएको विभागका महानिर्देशक थापाले बताए । उनका अनुसार सडकको नियमित मर्मत सम्भारमा ध्यान नदिएकाले वर्षाको समयमा यातायात सञ्चालनमा कठीनाइ भएर स्थानीयवासीले सास्ती भोगेका थिए । आठ वर्ष वितिसक्दा निर्माणस्थलमा कुनै पनि सामग्री नरहेको, कामदार नभएको र निर्माणको गतिविधि ठप्प रहेको पाइएको थियो । उनले भने, "यसअघि निर्माण भइसकेका संरचना र अरु काम पनि स्वीकार गर्न नसकिने अवस्थामा पाइएको थियो ।"

निर्माणका क्रममा समस्या देखिएपछि परामर्शदाताले पटक-पटक लिखित रूपमा पत्राचार गरेर त्रुटि सच्याउन भनिएको भए पनि बेवास्ता भएको महानिर्देशक थापाले बताए । दातृ निकाय, योजना कार्यालयसँगको बैठकमा पटक-पटक अवधिभित्रै सकाउछु भने पनि निर्माण व्यवस्थापनमा कति पनि चासो नदेखाएको उनले बताए ।

सो ठेक्का तोडेसँगै योजना कार्यालयले सार्वजनिक खरिद ऐन, २०६४ र सम्झौताका आधारमा निर्माण कम्पनीलाई कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरिएको छ । निर्माण कम्पनीको नाममा रहेको एक करोड ५५ लाख २४ हजार जमानत जफत गरी सडक विभागको खातामा जम्मा गरिएको छ । जिल्ला अदालत पाटनबाट गत असार ८ मा जारी भएको ठेक्का अन्त्य निर्णयसम्बन्धीको अन्तिम आदेश जारी भएको छ ।

चौतिस दशमलव ०९ किमी लम्बाइको रानीपवौवा-त्रिशूली सडकमा ठेक्का तोडिसक्दासम्म सो ठेक्कामा भौतिक प्रगति ४६ प्रतिशत र वित्तीय प्रगति ४१ दशमलव १३ प्रतिशत रहेको थियो । सो सडकको निर्माणको जिम्मेवारी भारतीय कम्पनी डिआरएआइपीएल, नागार्जुन, कोसी एण्ड न्यौपाने जेभीलाई दिइएको थियो ।

सन् २०१५ मा तीन वर्षमा सम्पन्न गर्ने गरी ठेक्का भएको भए पनि पटक-पटक थप हुँदासमेत आधा काम पनि सकिएको थिएन । अवधि सकिँदासम्म भौतिक प्रगति ४६ प्रतिशत र वित्तीय प्रगति ४१ दशमलव १३ प्रतिशत रहेको थियो । निर्माण व्यवसायीले सुरुदेखि नै लक्ष्यअनुसारको काम गर्न नसकेर परामर्शदाता कम्पनीबाट समय समयमा लिखित तथा मौखिक रूपमा सचेत गराएको विभागका महानिर्देशक थापाले बताए ।

सुरुका दिनमा नेपाली कम्पनीले मुख्य व्यवस्थापनको काम भइरहेकामा सन् २०१८ सेप्टेम्बरबाट भारतीय कम्पनीबाट भएको थियो । दुबैले व्यवस्थापन गर्दा निर्माणमा प्रगति नभएको उनले बताए । सार्वजनिक खरिद नियमावली, २०६४ को नवौँ संशोधनअनुसार एक वर्ष अवधि थपेर सन् २०२० को डिसेम्बरसम्म अवधि रहेको थियो । बन्दाबन्दीको समयमा पास उपलब्ध गराइएको भए पनि काम नगरेको उनले बताए । सार्वजनिक खरिद ऐन, २०६४ को व्यवस्था र सम्झौताअनुसार नै विभागले विसं २०७७ मा ठेक्का अन्त्य गरेको थियो । निर्माण कम्पनी तत्काल कानुनी प्रक्रियामा जाँदा पाटन उच्च अदालतले असार १६ गते निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने र कार्य सम्पादन जमानत जफत गर्नेजस्ता कारबाही अघि नबढाउनु भनी अन्तरिम आदेश दिएको थियो ।

विसं २०७८ चैत १६ गते अदालतको निर्णय अनुसार व्यवसायीको फिराद पत्र खारेज भएको थियो भने सार्वजिक खरिद अनुगमन कार्यालयले कम्पनीलाई कालोसूचीमा राखेको थियो । सो सडक स्तरोन्नतिका लागि अहिले पहिले ठेक्का गरिएको समयभन्दा १२१ प्रतिशत बढी रकम लाग्ने देखिएको विभागका महानिर्देशक थापाले बताए ।

मूल्याङ्कनअनुसार निर्माण कम्पनीबाट असूल गर्नुपर्ने रकम ७४ करोड ७७ लाख २० हजार २११ रहेकोमा कृषि विकास बैंकबाट दुई करोड २२ लाख जफत गरिएको छ । यात्रुलाई आवतजावतमा कठीनाइ भएकाले सामान्यमर्मत गरिएको विभागले जनाएको छ ।

बालाजु-रानीपौवा सडकको अदालतको निर्णय नआउँदासम्म केही गर्न नसकिने र रानीपौवा-त्रिशूली सडक ठेक्का तोडिएकाले नयाँ ठेक्काबाट जानुपर्ने सडक सुधार तथा विकास आयोजना निर्देशनालयले जनाएको छ । रानीपौवा-त्रिशूली सडक यही आवमा काम हुने निर्देशनालयका प्रमुख रोहितकुमार बिसुरालले बताए ।

काठमाडौँबाट नुवाकोट जानका लागि टोखा-छहरे र गल्छी-त्रिशूली सडक विकल्प भए पनि यो सडक बनिनसकेकाले रानीपौवा जान समस्या भएको उनले बताए । उनले भने, "हामीले सकेसम्म मर्मत गरेर सडक हिँड्न हुने बनाइरहेका छौँ ।"

# विश्व कप क्यारेम खेल प्रतियोगिताका लागि राष्ट्रिय खेलाडीहरू छनोट



काठमाडौँ, १७ साउन (रासस)/ नेपालमा पहिलोपटक क्यारेम खेललाई राष्ट्रिय स्तरमा आधिकारिकता प्रदान गरिएको छ ।

अल नेपाल क्यारेम एसोसिएशनले राष्ट्रिय खेलाडीहरू छनोट गर्ने क्रममा आयोजना गरेको प्रतियोगितामा अशोक तामाङ प्रथम, सिषेश ढकाल द्वितीय, करण मगर तृतीय र कबिन सुनुवारलाई सान्त्वना पुस्कस्कार प्रदान गरिएको थियो । पुरस्कृत खेलाडीहरूलाई क्रमश: ५० हजार, २५ हजार, १५ हजार र १० हजार नगद रकम पनि प्रदान गरिएको थियो ।

प्रतियोगितामा भाग लिएका राष्ट्रिय स्तरका ८० प्रतिस्पर्धीमध्ये शेराज अंसारी र क्रान्ति रावललाई पनि सम्मानित गरिएको एसोसिएशनले जनाएको छ । आगामी अक्टोबरमा मलेसियामा हुन गइरहेको विश्व कप क्यारेम खेल प्रतियोगितामा नेपालको प्रतिनिधित्व हुने गरी राष्ट्रिय स्तरका छदेखि नौजनासम्म खेलाडीलाई पठाउने तयारी थालिएको एसोसिएशनका सल्लाहकार निलेश अधिकारीले जानकारी दिए ।

सो अवसरमा युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले यस्ता प्रतियोगिताहरूले राष्ट्रिय पहिचानलाई अन्तर्राष्ट्रियजगत्मा विस्तार गर्न सहयोग पुग्ने बताउँदै पर्यटन प्रवर्द्धनमा खेल पर्यटनको महत्वपूर्ण योगदान रहने उल्लेख गरे । कार्यक्रममा विश्व कप क्यारेम एसोसिएशनका महासचिव विवेक देशनारायण, बङ्गाल स्टेट सिलगुडी भारतका राष्ट्रिय खेलाडी दुर्जेय धोश, डिस्टिक क्यारेम एसोसिएशन पश्चिम बङ्गालका सचिव सञ्जीव धोस लगायतले विश्व कपमा नेपालले उत्कृष्ट नतिजा ल्याउने विश्वास व्यक्त गरे । अल नेपाल क्यारेम एसोसिएशनकी अध्यक्ष विनिता अर्यालले विश्व कपमा सहभागी हुने नेपाली खेलाडीलाई बधाई तथा शुभकामना दिए ।

# आयातकर्तालाई १० करोड जरिवाना

वीरगञ्ज, १७ साउन (रासस)/ दुबईबाट खाद्यन्न सामग्री (मुङको दाल) भनेर ल्याइएको कन्टेनरमा विदेशी ब्रान्डका चुरोट बरामद भएको घटना प्रकरणमा भन्सार कार्यालयले आयातकर्ता कम्पनी कालिका इन्टरप्राइजेज प्रालिलाई १० करोड ७२ लाख जरिवाना तोकेको छ ।

दुबईबाट भारतसम्म पानी जहाजमा र भारतको कोलकोत्ताबाट रेलमार्ग हुँदै मुङको दाल भनेर सुक्खा बन्दरगाहमा वीरगञ्जसम्म ल्याइएको (जीइएसयू ५०४८८०३४५ जी १) नम्बरको कन्टेनरमा गत जेठ १३ मा शङ्का लागि जाँच गर्दा उक्त ठूलो परिमाणमा विदेशी ब्रान्डको चुरोट फेला परेको थियो ।

दालको कन्टेनरभित्र चुरोट आयात गर्ने कम्पनी काठमाडौँ टोखाको कालिका इन्टरप्राइजेज प्रालिका सञ्चालक काठमाडौँ टोखाका नवराज गिरीलाई भन्सार ऐन अनुसार नक्कली मालसामान घोषणा गरेबापत बिगो जरिवाना १० करोड ७२ लाख जरिवाना तोकिएको भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपानेले जानकारी दिए । कन्टेनर जाँच्दा २६ हजार छ सय दश किलो दाल घोषणा गरिएको कन्टेनरमा १४ हजार आठ सय २५ किलो मात्र दाल थियो । यसबाहेक ५८ लाख ३८ हजार चार सय खिल्लीका चार सय कार्टुन विदेशी चुरोट भएको फेला परेको थियो ।

उक्त बिगो जरिवाना बापतको रकम तिरेपछि सो कम्पनीले माल लैजान पाउने कार्यालयले जनाएको छ । अन्यथा कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढ्नेछ । कार्यालयका अनुसार बन्दरगाह नाकामा विभिन्न मालसामान भित्र्याउने तीन वटा फरक-फरक रङ्को लेन हुन्छ । उक्त कन्टेनर पहेँलो लेनबाट आएको थियो । कन्टेनरको अगाडि र पछाडिको भागमा मुङ दालको बोरा र बीचमा भने चुरोटका कार्टुन राखेको भेटिएको थियो । कन्टेनरबाट इन्डोनेसियन ब्रान्ड गुडाङ गरम र बेलायती ब्रान्ड मोन्ड भेरियन्सका चुरोट फेला परेको थियो ।

भन्सार ऐनको दफा ५७ अनुसार घोषणा गरिएको वस्तु र परिमाण फरक भेटिएकोले नियमानुसार बिगो जरिवाना गरिएको र नियमानुसार कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयका अनुसन्धान अधिकृत भूपेन्द्र कार्कीले जानकारी दिए ।

यसरी जरिवाना गरिएपछि भन्सार कार्यालयले कम्पनी सञ्चालक गिरी (धादिङ) र भन्सार एजेन्ट नीरञ्जन घिमिरे (मकवानपुर) लाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्राचार गरिसकेको छ ।

उनीहरूलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालयमा लेखिपठाइएको पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिए ।

# अधिकांश स्थानमा वर्षाको सम्भावना



काठमाडौँ, १७ साउन (रासस)/ देशभर सामान्यदेखि पूर्ण बदली रही देशका अधिकांश स्थानमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार देशभर सामान्यदेखि पूर्ण बदली रही देशका धेरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यमवर्षाको सम्भावना रहेको छ । साथै प्रदेश नं १, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ । विगत केही दिनयतादेखि सक्रिय मनसुन बुधबारदेखि केही कमजोर भई मौसममा सुधार हुने सम्भावना रहेको विभागका मौसमविद् मञ्जुबासीले बताए । हाल देशका प्रदेश नं १, बागमती, गण्डकी प्रदेश, लुम्बिनी प्रदेशका केही र बाँकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ । रातको समयमा देशभर आंशिकदेखि सामान्य बदली रही देशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनुका साथै बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

# किसानलाइ छिटो मल उपलब्ध गराउन सांसदको माग



काठमाडौँ, १७ साउन (रासस)/ प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले किसानलाई जतिसक्दो चाँडो मल उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । बैठकमा विशेष समयमा बोल्दै नेपाली कांग्रेसका डा. डिला सङ्ग्रौलाले भने, "अहिलेसम्म पनि किसानले मल पाउन सकेका छैनन्, कतिपय ठाउँमा कालोबजारी छ, सरकारले मल पाउने आश्वासन मात्रै दिँदै आएको छ, किसानले भोग्नु परेको समस्या समाधानको लागि ध्यानकर्षण गराउन चाहन्छु ।"

भारतसँगको जिटुजी सम्झौताको प्रक्रियाको अन्योलका नाममा हालसम्म मल आपूर्ति नभएकामा उनले चिन्ता व्यक्त गरे । सार्वजनिक खरिद ऐनले गरेको व्यवस्थाअनुसार सम्झौता भएको ३० दिनपछि मात्रै आपूर्ति सुरु गर्ने व्यवस्था भएकाले यसलाई परिवर्तन गरेर अन्तर्राष्ट्रिय व्यवस्थाअनुसार आठ दिनमा आपूर्ति सुरु गर्ने व्यवस्था गरेमा समयमा मल ल्याउन सकिने सरकारी अधिकारीको भनाइ छ ।

सांसद संग्रौलाले प्रश्न गरे, "यदि त्यसो हो भने संसद् चलिरहेको छ, सार्वजनिक खरिद ऐन संशोधन गर्न के ले रोकेको छ ? के नयाँ चुनाव भएपछि मात्रै संशोधन गर्ने हो ? कि, अरु कुनै कारण छ, जवाफ चाहियो । मलको अभावमा देशभित्रै प्राङ्गारिक मल उत्पादन गर्ने हाम्रो योजना खोइ ? रासायनिक मल उत्पादन गर्ने कारखाना खोल्ने हो भने त्यसको योजना खै ?"

गतवर्ष सप्तरीका किसानले रासायनिक मलका लागि आन्दोलन गरेका थिए । गत असारमा धादिङका किसानले दुई ट्रक रासायनिक मल सडकमै खोसेका थिए । गत साता मात्रै सरकारले भारत सरकारसँग पाँच वर्षका लागि करिब नौ लाख मेट्रिकटन रासायनिक मल खरिद गर्ने सम्झौता गरेको थियो ।

बैठकमा नेकपा (माओवादी केन्द्र) का अमनलाल मोदीले भारतीय आयल निगमले पेट्रोलियम पदार्थको समायोजनको निम्ति दुई पटकसम्म पत्र पठाउँदासमेत सरकारले ध्यान नदिएकामा चिन्ता व्यक्त गरे । नेकपा (एमाले) का झपटबहादुर रावलले कैलाली जिल्लाका विभिन्न जंगलमा रहेका बाघको व्यवस्थापन गर्न सरकारको ध्यनाकर्षण गराए । एमालेका दलबहादुर रानाले भूउपयोग ऐन कार्यान्वयनको माग गरे । सांसद केदार सिग्देलले वर्तमान सरकारले सुकुम्वासी र अव्यवस्थित बसोबासको समस्यामा गम्भीर नभएको बन्दै सरकारको ध्यानाकर्षण गराए ।

उनले भने ,"आश्वसन होइन, जनताले लालपूर्जा खोजेका हुन, सुकुम्वासी आयोगको ध्यान त्यतातिर केन्द्रीत होस्, यथाशीघ्र सुकुम्वासी र अव्यवस्थित बसोबासलाई लालपुर्जा वितरण गराउन सभामुखमार्फत सरकारको ध्यनाकर्षण गराउन चाहान्छु ।"

# अर्थमन्त्रीको आह्वान: युवालाई कृषि क्षेत्रको उत्पादनमुखी काममा लगाउँ

काठमाडौँ, १७ साउन (रासस)/ अर्थमन्त्री जनार्दन शर्माले आयातमा भर परेको अर्थतन्त्रलाई आन्तरिक उत्पादनमा आधारित अर्थतन्त्रमा बदल्ने लक्ष्य बोकेर बजेट ल्याइएको र त्यसले किसानको भूमिकालाई माथि उठाउने बताएको छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)द्वारा राजधानीमा आयोजित ३० औँ किसान शहीद दिवस तथा ६९ औँ भीमदत्त पन्त स्मृति दिवस समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री शर्माले कृषिमा आधारित उद्योगमार्फत देशमा कृषि उत्पादनमा आत्मनिर्भरता बढाउने र औद्योगिक उत्पादनमार्फत आयात प्रतिस्थापन गर्ने नीति सरकारको रहेको जानकारी दिए ।

त्यसका लागि किसानको भूमिका ठूलो हुने उनको भनाइ छ । "म किसान नेतालाई आह्वान गर्न चाहन्छु, तपाईँहरूको अगुवाइमा अबको उत्पादन अभियान अघि बढोस्, काठमाडौँमा आयात हुने तरकारी वरिपरिका जिल्लाले पूर्ति गर्ने गरी अभियान चलाउनुहोस्", अर्थमन्त्री शर्माले भने, "बुढा किसान खेतबारीको डिलमा उभिनुहोस्, युवा किसानलाई उत्पादनमुखी काममा लगाउनुहोस् ।"

उनले श्रम, स्रोत र प्रविधिको परिचालनबाट मात्रै मुलुकलाई समृद्धि पार्न सकिने बताए । लघुवित्तले अब सहुलियतपूर्ण ऋण दिने कुरा संसद्ले पारित गरेको जानकारी गराउँदै अर्थमन्त्री शर्माले किसानको घर-खेतमा गएर सहुलियत ऋण लगानी गर्ने कुरा पनि अघि बढाइएको र किसान पेन्सनको कुरा अघि बढाइएको सुनाए । उनले आजको राष्ट्रियता भनेको सबल अर्थतन्त्र हो भने ।

अर्थमन्त्री शर्माले उत्पादन वृद्धिमा लाग्न आह्वान गर्दै आत्मनिर्भर अर्थतन्त्रमा लाग्यो भने मात्रै भीमदत्त पन्तको सपना पूरा हुने बताए । तर आयात गरेर खाइर हनुपर्ने विडम्बनापूर्ण अवस्था रहेको उनले बताए ।

"हामी अहिले पनि तरकारी आयात गरेर खाइरहेका छौँ, जबकि यतिबेला मुलुकले निर्यात गर्नुपर्ने थियो", अर्थमन्त्री शर्माले थपे ।

उनले आत्मनिर्भर र उत्पादन वृद्धिका लागि भूमिहीनलाई जमिन उपलब्ध गराई उत्पादनमा जोड्नुपर्ने, पूँजी नहुनेलाई पूँजी दिएर उत्पादनमा लगाउनुपर्ने, औजार नभएकालाई औजार दिएर र श्रमिकलाई तामिल दिई श्रममा जोड्नुपर्ने आवश्यकता औँल्याए । यसका लागि नेपालमा सबै उपलब्धता रहेको र त्यसलाई सही व्यवस्थापन र प्रयोगमा उनको जोड थियो ।

उनले भीमदत्तले सुरु गरेको भूमिसुधारको अवधारणा अझै पूरा नभएकाले सबै मिलेर पूरा गर्नुपर्ने बताए । परिवर्तनशीललाई पश्चगामी तत्वले रोक्न सक्नेतर्फ सचेत हुन पनि उनले आग्रह गरे ।

# पहिरोपीडित परिवारलाई राहतको व्यवस्था गर्न सांसदहरूको माग

काठमाडौँ, १७ साउन (रासस)/ प्रतिनिधिसभाको मंगलबारको वैठकमा सांसदहरूले देशका विभिन्न क्षेत्रमा भएको पहिरापीडित परिवार लाई राहतको व्यवस्था गर्नुपर्ने माग गरेका छन् । शून्य समयमा सांसद भूपेन्द्रबहादुर थापाले दुई दिनको अविरल वर्षाका कारण म्याग्दी जिल्लाका विभिन्न स्थानमा पहिरामा परी बेपत्ता भएका परिवारको खोजी गर्न सरकारको ध्यानाकर्षण गराए ।

उनले पहिरोपीडितलाई तत्काल राहत र पुन:स्थापना गर्नुपर्ने मागसमेत गरे । म्याग्दी जिल्लामा दलित समुदायको बस्ती अत्यन्त जोखिममा रहेको बताउँदै उनले ती बस्तीलाई अन्यत्र स्थानान्तर गर्नसमेत माग गरे ।

सांसद रामबहादुर विष्टले अछाम जिल्लाका विभिन्न स्थानमा अविरल वर्षाका कारण पहिरो आउँदा मानवीय र भौतिक क्षति भएको बताउँदै पहिरापीडित परिवारलाई तत्काल राहतको व्यवस्था गर्नुपर्ने माग गरे । महेन्द्रकुमारी लिम्बुले प्रदेश १ को खोटाङ जिल्लालाई केन्द्रविन्दु बनाएर यही साउन १५ गते गएको भूकम्पका कारण भौतिक क्षति भएको बताउँदै उचित राहत र क्षतिपूर्तिको माग गरे । सांसद महेश बस्नेतले मुलुकमा महँगी, भ्रष्टाचार, हत्या, हिंसाका घटना बढ्दै गएकोप्रति सरकारको ध्यानाकर्षण गराए ।

सांसद मीनबहादुर विश्वकर्माले बिजुलीबजारस्थित नेपाल चक्रवर्ती हवी कलेजमा शुल्क वृद्धिको विरोधमा गरिएको धर्नाका क्रममा नेपाल विद्यार्थी संघका नेताहरूमाथि प्रहरीले आक्रमण गरी घाइते बनाएको भन्दै आपत्ति जनाउनुभयो । सांसदद्वय रङ्गमती शाही र मीना सुब्बाले सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीबीच विभेद गर्न नहुने भन्दै शिक्षामा सबै विद्यार्थीको समान पहुँचको माग गरे । सांसद मोहन बाँनियाले कर्णाली करिडोरलाई द्रूत गतिमा अगाडि बढाउन आग्रह गरे । सांसद मोहनप्रसाद पाण्डेले पाल्पाका विभिन्न स्थानमा सडक निर्माण कार्यलाई जतिसक्दो चाँडो अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद यशोधा गुरुङ सुवेदीले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादी र सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयनका निम्ति सरकारको ध्यानाकर्षण गराए । सांसद रामवीर मानन्धरले संसद्मा शून्य समयमा सांसदहरूले बोलेका विषय कार्यान्वयन हुनुपर्छ भने । सांसद रेणुका गुरुङले आफूमाथि असुरक्षा बढ्दै गएको भन्दै सरकारसँग सुरक्षाको माग गरे ।

# बढ्यो सुनको मूल्य



काठमाडौँ, १७ साउन (रासस)/ सुनचाँदी बजारमा मंगलबार छापावाल सुनको मूल्य प्रतितोला ९५ हजार ६०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला ९५ हजार ४०० मा कारोबार भएको पहेँलो धातु प्रतितोला २०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणअनुसार मंगलबा तेजाबी सुनको मूल्य प्रतितोला ९५ हजार १०० छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला ९४ हजार ९०० थियो ।

त्यस्तै मंगलबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा स्थिर रही प्रतितोला एक हजार २२० तोकिएको महासंघले जनाएको छ ।

महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

# भूकम्प प्रभावितको पुन:स्थापनाका लागि ध्यानाकर्षण



काठमाडौँ, १७ साउन (रासस)/ प्रतिनिधिसभाको बैठकमा नेकपा (एमाले) का प्रमुख सचेतक एवम् सांसद विशाल भट्टराईले खोटाङ केन्द्रविन्दु भएर गएको भूकम्पको क्षतिको अविलम्ब विवरण संकलन गरी पीडितलाई राहत उपलब्ध गराउन सरकारसमक्ष माग गरेको छ ।

बैठकको विशेष समयमा बोल्दै उनले भूकम्पबाट भएको क्षतिको तत्काल विवरण संकलन गरेर विस्थापितहरूलाई स्थापित गर्न माग आग्रह गरे । विपद् व्यवस्थापन प्राधिकरण सक्रिय नभएको र सरकारी तवरबाट पनि क्षति संकलन सुस्त भएको भन्दै सांसद भट्टराईले क्षतिको विवरण लिएर पीडितलाई राहत दिन आग्रह गरे । उनले भूकम्पले खोटाङ जिल्ला र आसपासका क्षेत्रका जनतालाई त्रसित तुल्याएको बताए । घटनामा प्रहरी चौकी, विद्यालय, सहकारी भवन आदिमा आंशिक क्षति पुगेको तथा जिल्लाका ४७५ वटा घर चर्किएको र केही घर पूर्ण रूपमा क्षति भएको विवरण रहेको भन्दै पुन:स्थापनाको कामलाई अविलम्ब अघि बढाउन आग्रह गरे । यही साउन १५ गते खोटाङको साकेला गाउँपालिका-५ स्थित मार्तिमबिर्ता केन्द्रविन्दु भएर ६ रेक्टर स्केलको भूकम गएको थियो ।

सांसद भट्टराईले हालै सरकारले नेकपाको विप्लव समूहलाई कारबाहीको पत्राचार गरेको समाचार आएको भन्दै उक्त पत्र फिर्ता लिएर त्यस्ता समूहको शान्तिपूर्ण बाटो रोज्ने प्रस्तावलाई प्रोत्साहन गर्न अनुरोध गरे । तत्कालीन सरकारसँग तीनबुँदे सहमति गरेर शान्ति प्रक्रियामा ल्याइएको विप्लव र सिके राउत समूहलाई शान्तिपूर्ण बाटोमा प्रोत्साहन गरिनुपर्नेमा जोड दिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा-नौबिसे सडक खण्डमा राति बस चलाउन रोक



साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ पूर्वबाट काठमाडौंतर्फ जाने रात्रि सेवाको बसलाई हेटौंडा-नौबिसे सडक खण्डअन्तर्गत्को त्रिभुवन राजपथबाट जान रोक लगाइएको छ ।

लगातार परेको वर्षासँगै आएको पहिराका कारण चितवन-मुग्लिन सडकखण्ड अवरुद्ध भएपछि त्रिभुवन राजपथबाट रात्रि बस सेवा सञ्चालनमा अनुमति नदिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

राजपथको मोड साँघुरो भएका कारण यात्रुको सुरक्षालाई मध्यनजर गर्दै मुग्लिन सडक सञ्चालनमा नआएसम्म हेटौंडामा नै प्रतिक्षा लाममा राख्ने व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

उनले पूर्व र पश्चिमबाट दिवा सेवामा आएका बसलाई आवश्यकता हेरेर करिव ३५ वस त्रिभुवन राजपथ हुँदै काठमाडौंतर्फ जान अनुमति दिएको बताए ।

प्रवक्ता कार्कीले धादिङको नौबिसेको प्रहरीले काठमाडौंबाट मंगलबार बिहान पूर्व र पश्चिमतर्फ जान छुटेका बसलाई त्रिभुवन राजपथबाट यातायात सञ्चालनमा आउन निषेध गरिएको र काठमाडौंबाट आएको मिनी ट्रक, ट्रक, पालुङबाट हेटौंडा आउने सवारी साधनलाई मात्रै सञ्चालन ल्याउन अनुमति दिएको बताए ।

# दुई सातामा नै ह्वात्तै बढे डेंगुको बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ पछिल्लो समय गर्मी बढेसँगै मकवानपुरमा डेंगुका बिरामी पनि बढ्न थालेका छन् ।

मकवानपुरमा पछिल्लो दुई हप्तायता डेंगुको बिरामी बढ्न थालेका हुन् । जिल्लामा दुई हप्ताको अवधिमा दुई दर्जनभन्दा धेरैमा डेङ्गु देखिएको जनाइएको छ । साउन महिनाको १५ दिनमा मात्रै जिल्लाको २८ जनामा डेंगु देखिएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । उनको अनुसार मकवानपुरका १० स्थानीय तहमध्ये सबैभन्दा धेरै हेटौंडा उपमहानगर पालिकामा डेंगुको बिरामी धेरै फेला परेका छन् उनले जिल्लाको अरु स्थानीय तहमा खासै संक्रमित नदेखिएपनि हेटौंडा उपमहानगर क्षेत्रमा भने डेंगुको बिरामी अत्याधिक मात्रामा देखिन थालेको बताए ।

करिब ४ वर्षअघि पनि हेटौंडा उपमहानगरपालिकामा डेंगुको महामारी नै फैलिएको थियो । उक्त समयमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर ४ मा डेंगुको संक्रमण बढि मात्रामा फैलिएको थियो भने डेंगुलाई नियन्त्रण गर्न हेटौंडा उपमहानगरपालिकाले घरदैलो कार्यक्रम नै सञ्चालन गरेको थियो । स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी घिमिरेका अनुसार अहिले पनि हेटौंडाको वडा नम्वर ४ र ५ मा नै डेंगुको संक्रमित बढि भेटिएका



छन् । आर्थिक वर्षको सुरुवातमा नै डेंगुका संक्रमितको संख्या बढ्न थालेको हो । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को तुलनामा चालू आर्थिक वर्षमा डेंगु संक्रमितको संख्या बढ्न सक्ने स्वास्थ्य विज्ञहरु बताउँछन् ।

गत आर्थिक बर्षमा १९५ जनामा डेंगु संक्रमण भएको थियो । स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी घिमिरेका अनुसार हेटौंडा बाहेक अन्य एक दुई स्थानीय तहका एक दुई जनामा मात्रै डेंगु भेटिएको छ ।

१५ दिनको अवधिमा यति धेरै डेङ्गु संक्रमित फेला पार्नुले ठुलो महामारी फैलाउन सक्ने जोखिम रहेको उनले बताए । घिमिरेले डेंगुको संक्रमितहरुको उपचार भइरहेको बताए ।

करिव ४ वर्षपछि पुन: हेटौंडामा डेंगुको बिरामी बढेसँगै उपमहानगरबासीलाई सुरक्षित रहन हेटौंडा उपमहानगरपालिकाले आग्रह गरेको छ । उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले टोलमा सरसफाई राख्न, पुराना टायर, गमला, खाली बोत्तलहरु, फालिएका प्लाष्टिकका झोलाहरु, फ्रिज, एसी लगायतको ठाउँमा पानी जमेर बस्न नदिने, पानी जमाउनुपर्ने भएमा बढिमा ७ दिनमा फेर्नुपर्ने लगायतको सुचना उपमहानगरको स्वास्थ्य संस्थाबाट प्रवाह भइरहेको जानकारी दिए । उनले लामखुट्टेको टोकाईबाट डेंगुको संक्रमण हुने भएकाले सबैलाई सचेत र सुरक्षित रहन आग्रह पनि गरे ।

दुई साताको नै अवधिमा जिल्लामा एक जनामा कालाजार र हेटौंडाका ९ जनामा स्क्रबटाइफसको संक्रमण भएको पनि स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जिल्लाको मनहरी गाउँपालिकाका ६ नम्बर वडामा १ जनामा कालाजार संक्रमण भएको हो ।

# प्रतिस्पर्धाबिनै डीपीआर निर्माणमा करोडौं खर्च

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यान्वयनमै नगएको योजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गरेको पाइएको छ ।

डीपीआर निर्माण गर्ने र कार्यान्वयन गर्न बाँकी रहेका डीपीआर हुँदाहुँदै फेरी अन्य डीपीआर निर्माण गर्ने गरेको महालेखा परिक्षकको कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । एउटै योजनामा मन्त्रालय र मातहका कार्यालयको दोहोरोपन पनि देखिएको छ ।

पहिलेका तीन वर्षमा निर्माण भएको तर, कार्यान्वयन गर्न बाँकी २ सय वटा डीपीआर कार्यान्वयनमा गएपछि मात्र अन्य डीपीआरका लागि बजेट छुट्याउनुपर्नेमा फेरि बजेट छुट्याएर डीपीआर निर्माण गरेकोमा महालेखाले प्रश्न गरेको हो ।

बितेको आर्थिक वर्ष २०७७-०७८ मा मात्र डीपीआर खरिदमा मन्त्रालय र मातहतका कार्यालयमा गरी ४८ करोड ५३ लाख रुपैयाँ बजेट छुट्याएकोमा २४ करोड ३५ लाख २२ हजार रुपैयाँ मात्र खर्च गरेको छ । यसैगरी, सार्वजनिक





खरिद नियमावली विपरित मन्त्रालयले प्रतिस्पर्धा बिनै डीपीआर खरिदपनि गरेको भेटिएको छ । महालेखाको परीक्षकको कार्यालयद्वारा प्रस्तुत प्रतिवेदनमा बागमती प्रदेशभित्र बेरुजूको चाङमा मन्त्रालयको गम्भिर लापरबाहीपनि फेला परेको हो ।

भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा चार वर्षको अवधिमा ६४ करोड ३५ लाख २२ हजार रुपैयाँ बराबरको डीपीआर बिना प्रतिस्पर्धा खरिद गरेको पाइएको हो । सार्वजनिक खरिद निमायवली अनुसार निश्चित रकमभन्दा माथिको लागतमा डीपीआर बनाउँदा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । मन्त्रालय र मातहतका कार्यालयहरुमा कर्मचारीले टेण्डरमार्फत गर्नुपर्ने डीपीआर निर्माणको काम बजेटलाई टुक्रा पारेर खरिद गर्ने गरेको पाइएको छ ।

आर्थिक वर्ष २०७५-०७६ देखि आर्थिक वर्ष २०७७-०७८ सम्म मन्त्रालय र मातहतका कार्यालयहरुले ६४ करोड ३५ लाख २२ हजार रुपैयाँ बराबरको डीपीआर खरिद गरेको हो ।

खर्च गरेको रकम मध्यमा अधिकांशमा बिना प्रतिस्पर्धा डिपिआर खरिद गरिएको महालेखाले उल्लेख गरेको छ ।

# अनेरास्वियु क्रान्तिकारी हेटौंडा क्याम्पस कमिटीको अध्यक्षमा रसाईली



साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(क्रान्तिकारी) हेटौंडा क्याम्पस कमिटीको अध्यक्षमा निश्चल रसाईली सर्वसम्मत चयन भएका छन् ।

मंगलबार भएको चौथौं इकाई सम्मेलनले रसाईलीलाई सर्वसम्मत रुपमा अध्यक्ष चयन गरेको हो । उनको नेतृत्वमा २१ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरिएको गरिएको छ । कमिटीको उपाध्यक्षमा चमेली भोम्जन, सचिवमा रोशनी आलेमगर, सहसचिवमा ज्योति पुडासैनी, कोषाध्यक्षमा रोजिता महर्जन चयन भएकि छन् । कमिटीका अध्यक्ष रसाईलीको सभाध्यक्ष तथा नेकपा माओवादी केन्द्र बागमती प्रदेशका उपाध्यक्ष प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

## हार्दिक बधाई तथा शुभकामना



यस संघका पूर्व अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका वर्तमान केन्द्रीय सदस्य तथा कृषि उद्यम केन्द्रका सभापति **श्री अरूणराज सुमार्गीज्यू** संयुक्त राष्ट्रसंघ अन्तर्गतको IIMSAM-Institutional Development In Nepal को **अवैतनिक सल्लाहकार** नियुक्त हुनुभएकोमा हार्दिक बधाईसहित उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

**कृष्ण कुमार गुप्ता (अध्यक्ष)**
तथा
**मकवानपुर उद्योग वाणिज्य संघ, परिवार**

# सवारी दुर्घटनामा परी एक वर्षमा ४ सय १३ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ बागमती प्रदेशमा एक वर्षमा सवारी दुर्घटनामा परेर ४ सय १३ जनाको मृत्यु भएको छ ।

प्रदेशमा १३ वटा जिल्ला रहेकोमा उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुरबाहेक १० जिल्लामा भएको दुर्घटनामा परेर ४ सय १३ जनाको मृत्यु भएको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको अनुसार दुर्घटनामा परेर ज्यान गुमाउनेमा तीनसय २६ जना पुरुष, ३२ जना महिला, १८ जना बालक र ७ जना बालिका रहेको रहेका छन् ।

कार्यालयको अनुसार दुई हजार ६ सय १६ वटा सवारी साधनहरु संलग्न ति दुर्घटनामा परी एक हजार १२ जना गम्भीर घाइते भएका छन् भने दुई हजार ९ सय ८३ जना सामान्य घाइते भएका छन् ।

दुर्घटनामा परेर चितवनमा सबैभन्दा धेरै र रसुवा जिल्लामा सबैभन्दा कमको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकी प्रमुख प्रहरी नायव महानिरीक्षक किरण बज्राचार्यले जानकारी दिइन् । उनको अनुसार गत आर्थिक वर्षमा चितवनको विभिन्न स्थानमा गत आर्थिक वर्षमा ५ सय ३२ वटा सडक दुर्घटना हुँदा एकसय ३९ जनाको मृत्यु भएको छ ।

जसमा एकसय ६ जना पुरुष, २१ जना महिला, ११ जना बालक र १ बालिका रहेका छन् । रसुवामा १३ वटा सवारी दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा २ जना पुरुष र १/१ जना महिला र बालिका रहेका छन् ।



मकवानपुरमा ३१८ वटा सवारी दुर्घटनामा हुँदा ७० जनाको मृत्यु भएको छ । मुत्यु हुनेमा ६३ जना पुरुष, ५ जना महिला र १/१ जना बालक तथा बालिका रहेका छन् । सिन्धुलीमा २९१ वटा सवारी दुर्घटनामा परी ४४ जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेहरुमा ३८ जना पुरुष, ४ जना महिला र १/१ जना बालक र बालिका रहेका छन् । यस्तै, गत आर्थिक वर्षमा रामेछापमा ३२ सवारी दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा १४ जना पुरुष र ८ जना महिला रहेका छन् ।

दोलखामा भएको ४० सवारी दुर्घटनामा हुँदा ५ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सबै पुरुष रहेका छन् । काभ्रेमा गत आर्थिक वर्षमा ५१ वटा दुर्घटना हुँदा ४२ जनाको मृत्यु भएको छ । जसमा ३१ जना पुरुष, ५ जना महिला, ४ जना बालक र १ जना बालिका रहेका छन् । सिन्धुपाल्चोकमा गत आर्थिक वर्षमा ६७ वटा सवारी दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ । जसमा १४ जना पुरुष, ५ जना महिला र एक जना बालक रहेका छन् ।

यस्तै, नुवाकोटमा गत आवमा १४ वटा दुर्घटनामा परी १४ जनाको मृत्यु भएको छ । जसमा १० जना पुरुष, ३ जना महिला र एक बालिका रहेका छन् ।

धादिङमा गत आर्थिक वर्षमा भएको २७२ वटा सवारी दुर्घटनामा परी ५३ जनाको मृत्यु भएको छ । जसमा ४३ जना पुरुष, ९ जना महिला र एक जना बालिका रहेका छन् ।

# प्रतिनिधिसभा: न्याय क्षेत्रलाई समावेशी बनाउन माग

काठमाडौं, १७ साउन (रासस)/ प्रतिनिधिसभाको आजको बैठकमा सांसद अनिलकुमार झाले न्याय क्षेत्रलाई समावेशी बनाउनुपर्ने माग गरेको छ ।

विशेष समयमा बोल्दै सांसद झाले भने, "अहिले न्यायपालिकाका न्यायाधीश नियुक्तिको कुरा भइरहेको छ, विद्यमान ऐन/कानुनले न्यायाधीशको नियुक्ति समावेशी आधारमा हुनुपर्छ भनेको छ, तर तीन वर्षदेखि जिल्ला न्यायाधीशमा ८० न्यायाधीश नियक्त हुँदा एकजना पनि मधेसी समुदायको नियक्त भएका छैनन् ।"

विशेष सयममा बोल्दै सांसद सञ्जयकुमार गौतमले जंगलको नजिकै रहेका मानव बस्तीहरू वन्यजन्तुको आक्रमणको उच्च जोखिममा रहेको बताउँदै वन्यजन्तु र मानवबीचको सहअस्तित्व कायम गर्न वन्यजन्तुलाई वनमै र मानिसलाई घरमै राख्ने रणनीति बनाउनुपर्नेमा जोड दिए ।

उनले भने, "मध्यवर्ती क्षेत्रमा रहेका जनताको सुरक्षाका लागि तारबार, बीमा, पशुचौपाया, घरगोठ बीमा नि:शुल्क व्यवस्था गर्न माग गर्दछु । बाघको संख्या पनि कति बनाउने हो त्यो स्पष्ट हुनुपर्‍यो ।"

सांसद सुरेशकुमार राईले उद्यपुर जिल्लामा बलात्कारका घटना बढ्दै गएको भन्दै त्यसको अन्त्यका लागि पहल गर्न माग गरे ।

शिक्षा क्षेत्रको समग्र सुधारका निम्ति नयाँ शिक्षा ऐनमार्फत दीर्घकालीन समाधान खोज्नुपर्ने उनको भनाइ थियो । सांसद सुरेन्द्रकुमार यादवले चिकित्सा क्षेत्रमा भएका विकृतिप्रति सरकारको ध्यानाकर्षण गराए ।

सांसद प्रेम सुवालले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्यो तर नेपालमा किन घटेको छैन भन्दै सरकारलाई प्रश्न गरे । सांसद यज्ञराज सुनुवारले पछिल्लो समयमा त्रिभुवन विश्वविद्यालय अस्तव्यस्त बन्दै गएको बताउँदै त्रिवि सुधारका निम्ति आग्रह गरे ।

सांसद डा अमरेशकुमार सिंहले देशको आर्थिक अवस्था कमजोर हुँदै गएको भन्दै चिन्ता व्यक्त गरे ।

## हार्दिक समवेदना



स्व. सुभद्रा पौडेल

हाम्रो यस मकवानपुर अटो मेकानिक्स एण्ड इन्जिनियरिङ्ग एसोसिएसनका अध्यक्ष श्री आनन्दराम पौडेलज्यूका पूजनीय ममतामयी माता **सुभद्रा पौडेलज्यू**को यहि मिति २०७९/४/६ गते श्री परब्रम्ह परमेश्वरमा लिन हुनुभएकोमा वहाँको आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

**मकवानपुर अटो मेकानिक्स एण्ड इन्जिनियरिङ्ग एसोसिएसन, परिवार**

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

## मकवानपुर बहुमुखी क्याम्पसमा
## कक्षा ११ मा भर्ना खुल्यो

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**
**व्यवस्थापन**
**मानविकी**
**शिक्षाशास्त्र**

**दिवा समूह**
**विज्ञान**
**व्यवस्थापन**



**विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।**

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

## HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
**Phone: 057-520315**

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
| --- | --- | --- | --- | --- |
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना